# महाबु गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## गैडाबाज, दैलेख

कर्णाली प्रदेश, नेपाल

पत्र संख्याः २०८१/०८२(सामाजिक सुरक्षा तथा पञ्जीकरण इकाई)

मितिः२०८१।०९।२३

सूचना नं. ५८

**विषयः द्वन्द्व कालमा घाइते अपाङ्गता भएका व्यक्तिहरूलाई जीवन निर्वाह भत्ता वितरण तथा सहिद स्मृती भत्ता वितरण प्रयोजनका लागि फाराम भर्ने सम्बन्धी सूचना ।**

प्रस्तुत विषयमा जनयुद्व,जनआन्दोलन र प्रदेश स्थापनाका लागि भएको आन्दोलनका क्रममा घाइते अपाङ्गता भएका व्यक्तिहरूलाई जीवन निर्वाह भत्ता प्रदान गर्न **"घाइते अपाङ्गता भएका व्यक्तिहरूलाई जीवन निर्वाह भत्ता वितरण निर्देशिका, २०८१"** र सहिद र वेपत्ता परिवारका हकवालालाई सहिद स्मृती भत्ता प्रदान गर्न **"सहिद स्मृती भत्ता वितरण निर्देशिका, २०८१"** मा भएको व्यवस्था बमोजिम यस महाबु गाउँपालिका भित्र रहेका घाइते अपाङ्गता एंव सहिद र वेपत्ता पारिएका परिवारका हकवालाले तपशिल बमोजिमका कागजात सहित सूचना प्रकाशस भएको मितिले १ महिना भित्र यस महावु गाउँपालिकाको कार्यालयमा सम्पर्क गर्नहुन अनुरोध छ ।

<u>तपसिलः</u>

<u>१.जीवन निर्वाह भत्ताको निवेदनको लागि आवश्यक कागजातहरू</u>

- घाइते अपाङ्गता भएका व्यक्तिलाई जीवन निर्वाह भत्ता वितरण निर्देशिका २०८१ को अनुसुची-१,को फाराम
- नेपाली नागरिकताको प्रतिलिपि,
- श्रेणी खुलेको अपाङ्गता प्रमाणपत्रको प्रतिलिपि,
- बैंक खाता नम्बर खुल्ने कागजात/चेकको प्रतिलिपि,
- सम्वन्धित वडाको सिफारिस र १ प्रति फोटो ।

<u>२.सहिद स्मृती भत्ताको निवेदनको लागि आवश्यक कागजातहरू</u>

- सहिद तथा बेपत्ता पारिएका परिवारका हकवालाको हकमा सहिद स्मृती भत्ता वितरण निर्देशिका २०८१ को अनुसुची-१, को फाराम,
- सहिद तथा बेपत्ता पारिएका व्यक्तिहरूको नागरिकताको प्रतिलिपि,
- सहिद तथा बेपत्ता भएको पुष्टि हुने सबै किसिमका प्रमाणहरूको प्रतिलिपि,
- हकवालाको नेपाली नागरिकताको प्रतिलिपि,
- नाता प्रमाणितको प्रमाणपत्रको प्रतिलिपि,
- १ प्रति फोटो र सम्वन्धित वडाको सिफारिस
- हकवालाको बैक खाता नम्बर खुल्ने कागजात /चेकको प्रतिलिपि ।

<u>सम्पर्कको लागिः</u>

भरत के.सी. ९८४८०७४२१३

उदयराज उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत

उदयराज उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत

<u>बोधार्थः</u>

श्री आन्तरिक मामिला तथा कानुन मन्त्रालय, वीरेन्द्रनगर सुर्खेत ।